# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं

## पुस्तक तथा पत्रपत्रिकाहरूको आधिकारिक विक्रेता (Authorized Sole Agent) बन्नका लागि सिलबन्दी बोलपत्र फाराम - २०७६

मूल्य रु. ५००/- (पाँच सय मात्र)

# नेपाल प्रज्ञा-प्रतिष्ठान

## कमलादी, काठमाडौं

# सिलबन्दी बोलपत्र फाराम

नेपाल प्रज्ञा-प्रतिष्ठान,
कमलादी, काठमाडौं

**विषय : आधिकारिक विक्रेता (Authorized Sole Agent) बन्नका लागि सिलबन्दी बोलपत्र फाराम पेस गरेको बारे ।**

महोदय,

नेपाल प्रज्ञा-प्रतिष्ठानको मिति ................................ मा गोरखा पत्र राष्ट्रिय दैनिकपत्रिकामा प्रकाशित सूचनाअनुसार म/हामी/..................................................फर्म/कम्पनीलाई त्यस नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरूको **आधिकारिक विक्रेता (Authorized Sole Agent)**बन्न इच्छा भएकाले बोलपत्रका साथ उल्लिखित सर्तहरू पूरा गर्ने प्रतिबद्धता जनाउँदै माग गरिए बमोजिम रु. ६०,००,०००/- (अक्षरेपि साठी लाख)को १ वर्ष अवधि भएको बैङ्क जमानत (Bank Guarantee) यसै साथ संलग्न गरी प्रस्तुत गरेको छु / छौं। साथै मेरो/हाम्रो सिलबन्दी बोलपत्र स्वीकृत भएमा सर्तनामामा दस्तखत भएका मितिले ७ (सात) दिनभित्र नेपाल प्रज्ञा-प्रतिष्ठानले तोकेको बैङ्क खातामा धरौटीबापत रु. ५,००,०००/- (अक्षरेपि पाँच लाख मात्र)अग्रिम जम्मा गर्न मन्जुर छु / छौं । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरू लगी बिक्री गर्न बैङ्क जमानत (Bank Guarantee) मा उल्लिखित रकमको ८० % ले हुन आउने रकम बराबरको पुस्तक तथा पत्रपत्रिका सहमति भएको छुट मूल्यमा लैजान र बिक्रीका आधारमा प्रत्येक ३ महिनामा हिसाब गरी प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराएको बैङ्क खातामा रकम जम्मा गरी सोको हिसाब दुरुस्त राख्नुपर्ने लगायतका अन्य सम्पूर्ण सर्तहरू पूर्ण रूपमा पालना गर्ने छु / गर्ने छौँ। अन्यथा प्रचलित ऐन, नियम बमोजिम कारबाई भएमा मन्जुर छु / छौँ।

फर्मको नाम : प्रोप्राइटरको नाम : दस्तखत :

फर्मको ठेगाना : सम्पर्क नं.: मिति :

फर्मको छाप :

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं

**आधिकारिक विक्रेता (Authorized Sole Agent) बन्नका लागि सिलबन्दी बोलपत्रदाताको पूर्ण विवरण**

१. कम्पनी / फर्म तथा संस्थाको नाम :

२. ठेगाना :

३. प्रबन्धक वा प्रोप्राइटरको नाम :

४. स्थायी लेखा नं. (PAN):

५. कम्पनी/फर्म तथा संस्थाको रजिस्ट्रेसन नं. :

६. सम्पर्क टेलिफोन नं. :

७. प्रबन्धक वा प्रोप्राइटरको हस्ताक्षर :

८. हस्ताक्षर मिति :

९. कम्पनी / फर्म वा संस्थाको छाप :

**(क) बोलपत्रमा सहभागी हुन आवश्यक पर्ने न्यूनतम पूर्वसर्तहरू**

१. नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रकाशनहरूको आधिकारिक विक्रेता (Authorized Sole Agent) बन्न कम्तीमा १० वर्षदेखि पुस्तक व्यवसायको अनुभव भएको र नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको हुनुपर्ने छ ।

२. विगत ३ वर्षमा कम्तीमा ३ करोड कारोबार र सोलाई पुस्ट्याइँ गर्ने विगत ३ आ.व. को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेस गर्नुपर्ने छ ।

३. सातै प्रदेशमा रहेका पुस्तक व्यवसायीहरूलाई पुस्तक तथा पत्रपत्रिका नियमित रूपमा उपलब्ध गराइरहेको र बिक्री सञ्जाल भएको आधिकारिक प्रमाण वा आधार पेस गर्नुपर्ने छ ।

**(ख) बोलपत्र स्वीकृत भएपछि पालना गर्नुपर्ने सर्तहरू**

१. करारनामामा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई प्रथम पक्ष र बोलपत्रदातालाई द्वितीय पक्ष भनी सम्बोधन गरिने छ । प्रथम पक्षले आफ्ना प्रकाशित पुस्तक तथा पत्रपत्रिका बिक्री वितरण गर्न द्वितीय पक्षलाई अधिकृत विक्रेताका रूपमा नियुक्त गर्नेछ । द्वितीय पक्ष अधिकृत विक्रेता भएकाले प्रथम पक्षबाट प्रकाशित सबै प्रकाशनहरू दोस्रो पक्षले कम्तीमा ५० प्रतिशत अनिवार्य रूपमा उठाउनुपर्नेछ । बाँकी प्रकाशित पुस्तकहरू र पत्रपत्रिकाहरू प्रथम पक्षले आफ्नो नियमानुसार आफैं बिक्री व्यवस्था गर्न सक्ने छ ।

२. द्वितीय पक्षले रु. ५,००,०००/- (अक्षरेपि पाँच लाख मात्र) मा नघट्ने गरी प्रथम पक्षले तोकेको बैङ्क खातामा धरौटीबापत अग्रिम नगद रकम जम्मा गरेको बैङ्क भौचर पेस गर्नुपर्ने छ ।

३. प्रथम पक्षले द्वितीय पक्षलाई बैङ्क जमानत रकमको ८० प्रतिशत रकम सम्मका पुस्तक उपलब्ध गराउने छ । करारनामाको हरेक ३/३ महिनामा दुई पक्षले बिक्री रुजु गरी बैङ्क जमानत र धरौटीभन्दा बढीको पुस्तक दोस्रो पक्षले उठाएमा नपुग रकम प्रथम पक्षको बैङ्क खातामा जम्मा गरेपछि मात्र उक्त बढी परिमाणका पुस्तक द्वितीय पक्षले लैजान पाउनेछ ।

४. प्रथम पक्षले द्वितीय पक्षलाई पुस्तक तथा पत्रपत्रिकाहरू बैङ्क ग्यारेन्टीका आधारमा दिनेछ र द्वितीय पक्षले बिक्री वितरण गर्दा प्रथम पक्षले निर्धारण गरेको मूल्यमा बिक्री वितरण गर्नुपर्ने छ । त्यसरी पुस्तक तथा पत्रपत्रिकाहरू वितरण र बिक्री गर्दा 'नेपाली बृहत् शब्दकोश' र 'प्रज्ञा नेपाली-अङ्ग्रेजी शब्दकोश' का हकमा अधिकतम ३० प्रतिशत र अन्य प्रकाशनका हकमा अधिकतम ४० प्रतिशत कमिसन कटाई प्रत्येक आ.व. समाप्त भएको ३ महिनाभित्र प्रथम पक्षसँग हिसाब मिलान गर्नुपर्ने छ । वार्षिक १ करोडभन्दा बढीको बिक्री गरेमा बढी बिक्री गरेको रकमको कमिसनमा ३.५ प्रतिशत अतिरिक्त बोनस प्रदान गरिनेछ ।

५. कुनै पनि पुस्तकको स्टक समाप्त हुनासाथ वा ५० प्रतिशत पुस्तक बाँकी हुनासाथ तत्काल द्वितीय पक्षले प्रथम पक्षलाई सोको सूचना गर्नुपर्ने छ ।

६. पुस्तक तथा पत्रपत्रिकाहरूको बिक्रीको अवस्था हेरी बिक्री हुन बाँकी रहेका पुस्तक तथा पत्रपत्रिकाहरू एक वर्षभित्रमा द्वितीय पक्षले फिर्ता गर्न सक्नेछ । प्रथम पक्षले यस्ता पुस्तक तथा पत्रपत्रिकाहरू आफ्नो तजबिजले बिक्री वितरण गर्न सक्नेछ ।

७. यस करारनामाको कुनै पनि सर्त कुनै पक्षले पालना नगरेका कारणबाट अर्को पक्षलाई हुन गएको हानिनोक्सानी करारको सर्त भङ्ग गर्ने पक्षले बेहोर्नुपर्ने छ ।

८. यो करारनामा करार भएको मितिदेखि ५ वर्षसम्म कायम रहनेछ । २ वर्ष नपुगी करार समाप्त गर्न पाइने छैन तर २ वर्षपछि भने दुवै पक्षद्वारा ६ महिना अगावै पूर्व सूचना दिई करार समाप्त गर्न सकिनेछ । करारको अवधि समाप्त भएपछि करारको पुनः नवीकरण वा अवधि थप नभएमा बिक्री भएका पुस्तक तथा पत्रपत्रिकाहरूको नगद र बाँकी पुस्तक तथा पत्रपत्रिका ९० दिनभित्र प्रथम पक्षको कार्यालयमा द्वितीय पक्षले बुझाउनुपर्ने छ । यस प्रयोजनका लागि द्वितीय पक्षका शाखाहरूबाट पुस्तक, पत्रपत्रिकाहरू झिकाई प्रथम पक्षको कार्यालयसम्म पुऱ्याउँदा लाग्ने ढुवानी भाडा द्वितीय पक्ष स्वयम्ले बेहोर्नुपर्नेछ ।

९. आधिकारिक विक्रेता बनेपछि पुस्तकहरूको ओसार पसार लगायतका सम्पूर्ण कार्यका लागि कुनै प्रकारको पेस्की प्रथम पक्षले दिने छैन ।

१०. पुस्तक तथा पत्रपत्रिका आपूर्ति, ढुवानी गर्दा लाग्ने भाडा दोस्रो पक्षले बेहोर्नुपर्ने छ ।

११. प्रथम पक्षले आफ्नो बिक्री कक्षबाट थोक तथा खुद्रा बिक्री गर्नेछ । विशेष पर्व तथा अवसरमा प्रथम पक्षले पुस्तक प्रदर्शनी गरी बिक्री गर्नेछ । यसरी बिक्री गर्दा प्रथम पक्षले आफ्नो नियमानुसार बिक्री गर्नेछ ।

१२. द्वितीय पक्षले सम्झौताबमोजिम काम पूरा गर्न नसकेमा उसले धरौटी बापत राखेको रकम जफत गरी बैङ्क ग्यारेन्टीको रकमबाट आफ्नो बाँकी रकम प्रथम पक्षले असुल गर्नेछ ।

१३. माथि उल्लिखित बाहेक अन्य कुराहरू प्रतिष्ठानको ऐन, नियम, निर्देशिका / कार्यविधिअनुसार हुनेछ ।

१४. बोलपत्रसम्बन्धी कुनै विवाद उठेमा दुवै पक्षको सहमतिले विवाद समाधान गरिनेछ । यसरी विवाद समाधान हुन नसकेमा नेपाल प्रज्ञा-प्रतिष्ठानले गरेको निर्णय नै अन्तिम र मान्य हुनेछ ।

१५. खण्ड (ख) को प्रकरण १ बमोजिम प्रथम पक्षबाट बुझी लिएका पुस्तक तथा पत्रपत्रिकाहरू नेपालका सातै प्रदेशमा उपलब्ध गराई बिक्री वितरण गर्न गराउनका लागि देहायबमोजिमको व्यवस्था मिलाई सो बमोजिमको काम गर्ने कर्तव्य द्वितीय पक्षको हुनेछ ।
   क. द्वितीय पक्षले देशभरीका आफ्ना सञ्जालमार्फत आयोजना गर्ने प्रदर्शनीहरूमा प्रथम पक्षका प्रकाशनहरू अनिवार्यरूपमा राखी विक्री व्यवस्था गर्नुपर्ने छ ।
   ख. नेपालबाहिर (जस्तैः दार्जिलिङ, आसाम लगायत अन्य स्थान आदि) द्वितीय पक्षले विश्वसनीय एजेन्सीहरूको व्यवस्था गरी बिक्री वितरण गर्न सक्नेछ र सोको जानकारी प्रथम पक्षलाई दिनुपर्ने छ ।
   ग. प्रथम पक्षबाट प्रकाशित उत्कृष्ट कृतिहरूको परिचयात्मक विवरण र दोस्रो पक्ष प्रतिष्ठानको आधिकारिक विक्रेता भएको सूचना प्रथम पक्षले राष्ट्रिय स्तरमा वा प्रदेशका प्रमुखपत्रपत्रिकाहरूमा प्रकाशित गर्नेछ ।

१६. यस करारनामामा उल्लिखित सर्तहरू कार्यान्वयनका सन्दर्भमा कुनै बाधा अवरोध सृजना भएमा दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिनेछ ।

१७. द्वितीय पक्षले आफ्नो संस्थाको नाम, ठेगाना परिवर्तन गरेमा सोको जानकारी प्रथम पक्षलाई गराउनुपर्ने छ । यसरी परिवर्तित भएको संस्थागत आधिकारिकता स्वतः दोस्रो पक्षको परिवर्तित संस्थामा हस्तान्तरण हुनेछ ।

**(ग) बोलपत्र पेस गर्दा प्रस्तुत गर्नुपर्ने प्रमाण कागजातहरू एवम् पालना गर्नुपर्ने अन्य सर्तहरू**

१. सिलबन्दी बोलपत्रका साथमा नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको मान्यता प्राप्त बैङ्कबाट न्यूनतम रु.६०,००,०००/- (अक्षरेपि साठी लाख मात्र) को १ वर्ष अवधिको बैङ्क जमानत (Bank Guarantee) पत्र पेस गर्नुपर्ने छ ।

२. आधिकारिक विक्रेता बन्ने संस्था वा फर्मले मुलुकका सातै प्रदेशमा र मुलुक बाहिर समेत (भएमा) आफ्नो सञ्जालमार्फत प्रतिष्ठानका प्रकाशनहरू बिक्री गर्ने पुस्तक पसल वा संस्थाको विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ ।

३. बोलपत्रका साथ निम्नलिखित कागजातहरू पेस गर्नुपर्ने छ र ती प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्ने छः-

- ✓ फर्म दर्ताको प्रमाण पत्र (नवीकरण समेत) को प्रतिलिपि
- ✓ मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर(PAN) को प्रमाण पत्रको प्रतिलिपि
- ✓ आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्र
- ✓ कानुनले बोलपत्र पेस गर्नका लागि अयोग्य नभएको स्वयम् घोषणापत्र पेस गर्नुपर्ने छ ।
- ✓ सातै प्रदेशमा विक्री गर्ने क्षमता भएको पुष्टि गर्ने प्रमाण ।
- ✓ अगिल्ला तीन वर्षमा न्यूनतम रु. ३,००,००,०००/- (अक्षरेपि तीन करोड मात्र) को कारोबार भएको प्रमाण ।